छायाँनाथ रारा नगरपालिकाद्वारा प्रकाशित

# स्थानीय राजपत्र

खण्ड: ७ | संख्याः ४ | २०८० पौष २७ गते

भाग-१

छायाँनाथ रारा नगरपालिका, मुगुको

सूचना

छायाँनाथ रारा नगरपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## छायाँनाथ रारा नगरपालिका उद्योग, व्यवसाय दर्ता तथा सञ्चालन ऐन, २०८०

# उद्योग, व्यवसाय दर्ता तथा संञ्चालन ऐन, २०७८

<u>प्रमाणिकरण र प्रकाशित मिति</u>
२०८०/०९/२७

सम्वत २०८० सालको ऐन नं. ३

## <u>उद्योग, व्यवसाय दर्ता तथा संञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन</u>

**<u>प्रस्तावनाः</u>** छायाँनाथ रारा नगरपालिक भित्र सञ्चालित एवम् सञ्चालन हुने व्यवसायिक फर्म, औद्योगिक वातावरणलाई कानूनी दायरामा ल्याउन, सुविधाजनक, लगानीमैत्री बनाई राष्ट्रिय उत्पादकत्व र रोजगारीका अवसरमा अभिवृद्धि गर्न, आम्दानीलाई समेत बृद्धि गर्न, मर्यादि र प्रतिस्पर्धात्मक बजारको प्रवर्द्धन गरी उपभोक्ता हित संरक्षण गर्न, नगरपालिकामा उपलब्ध प्राकृतिक, भौतिक तथा मानवीय स्रोत, उद्योग, कृषि, पशुपन्छीजन्य वस्तुहरूको उत्पादन बृद्धि, बजारीकरण, व्यवसायीकरणको अधिकतम उपयोग गरी व्यवसायीक फर्म, लघु उद्यम, घरेलु तथा साना उद्योग व्यवसायहरूको प्रर्वद्धनमा जोड दिंदै औद्योगिक विकासको माध्यमबाट सबल, गतिशील, प्रतिस्पर्धी एवं उत्पादनमुखी अर्थतन्त्र निर्माण गर्न नगरपालिका भित्र लघु, घरेलु तथा साना उद्योग, व्यवसाय दर्ता तथा नियमन र संघीय तथा प्रदेश कानून बमोजिम दर्ता भई नगरपालिका क्षेत्रभित्र संचालित उद्योग, व्यवसायको सूचीकरण र अभिलेखीकरण गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

छायाँनाथ रारा नगरपालिकाको प्रशासकीय कार्यविधि ऐन (नियमित गर्ने), २०७५ को दफा ३ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम छायाँनाथ रारा नगरपालिकाको चौधौ नगरसभा (विद्येयक) को अधिवेशनले यो ऐन तर्जुमा गरेको छ।

### परिच्छेद-१
### <u>प्रारम्भिक</u>

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस ऐनको नाम "छायाँनाथ रारा नगरपालिकाको "उद्योग, व्यवसाय दर्ता तथा संञ्चालन ऐन, २०८०" रहेको छ।

(२) यो ऐन नगर सभाबाट प्रमाणीत भई स्थानीय राजपत्रमा प्रकाशन भई लागु हुनेछ।

२. **<u>परिभाषाः</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "उद्योग, व्यवसाय" भन्नाले अनुसूची-९ बमोजिमको उद्योग, व्यवसाय सम्झनु पर्छ।

(ख) "उपप्रमुख " भन्नाले नगरपालिकाको उपप्रमुख सम्झनु पर्छ।

(ग) "कार्यपालिका" भन्नाले नगर कार्यपालिका सम्झनुपर्छ।

(घ) "घरेलु उद्योग, व्यवसाय" भन्नाले दफा २३(१)(ख) बमोजिमको उद्योग सम्झनु पर्छ।

(ङ) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस ऐन बमोजिम बनेको नियमावली, निर्देशिका वा कार्यविधिमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(च) "नगरपालिका" भन्नाले छायाँनाथ रारा नगरपालिका सम्झनु पर्छ।

(छ) "निर्यातमूलक उद्योग" भन्नाले आफ्नो उत्पादनको कम्तीमा साठी प्रतिशत उत्पादन निर्यात गर्ने उद्योगलाई सम्झनु पर्छ।

(ज) “प्रमुख” भन्नाले नगरपालिकाको प्रमुख सम्झनुपर्छ।

(झ) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले नगरपालिकाको प्रमुख प्रशाकीय अधिकृतलाई सम्झनु पर्छ।

(ञ) “प्रदेश सरकार” भन्नाले बागमती प्रदेश सरकार सम्झनु पर्छ।

(ट) “बिषयगत शाखा” भन्नाले छायाँनाथ रारा नगर कार्यपालिको कार्यालयको उद्योग, व्यवसाय सम्बन्धी विषय हेर्ने बिषयगत शाखा, उपशाखा वा इकाईलाई सम्झनु पर्छ।

(ठ) “बौद्धिक सम्पत्ति” भन्नाले पेटेन्ट, डिजाइन, ट्रेडमार्क, सेवा मार्क, भौगोलिक संकेत चिन्ह, व्यापाकि गोपनियता लगायत सो सँगसम्बन्धित अन्य औद्योगिक सम्पत्तिलाई सम्झनुपर्छ र सो शब्दले प्रचलित कानूनले प्रतिलिपि अधिकारको रुपमा परिभाषित गरेको विषय समेतलाई सम्झनु पर्छ।

(ड) “लघु उद्यम व्यवसाय” भन्नाले दफा २३ (१) (क) बमोजिमको उद्योग, व्यवसाय सम्झनु पर्छ।

(ढ) “साना उद्योग, व्यवसाय” भन्नाले दफा २३ (१) (ग) बमोजिमको उद्योग, व्यवसाय सम्झनु पर्छ।

## परिच्छेद-२

## उद्योग, व्यवसाय दर्ता, सूचीकरण र सञ्चालन तथा नियमन सम्बन्धी व्यवस्था

३. **उद्योग, व्यवसायको दर्ता गराउनुपर्ने:** (१) कसैले यस ऐन एवं प्रचलित कानून बमोजिम दर्ता नगराई उद्योग, व्यवसाय स्थापना र संचालन गर्न गराउन हुँदैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुँदाका बखत प्रचलित उद्योग, व्यवसाय सम्बन्धी कानून बमोजिम दर्ता भई सञ्चालनमा रहेका उद्योग व्यवसाय यस ऐन बमोजिम दर्ता भएको मानिनेछ र उद्योग, व्यवसायले यस ऐन बमोजिम पुन उद्योग, व्यवसाय दर्ता गराउनु पर्ने छैन।

(३) नेपाल सरकार तथा प्रदेश सरकारले स्थानीय सरकारको अधिकार क्षेत्र भित्र पर्ने भनी तोकिएका लघु उद्यम, घरेलु तथा साना उद्योग, व्यवसाय तथा प्रदेश व्यापार व्यवसाय (दर्ता तथा सञ्चालन) ऐन, २०७८ को दफा ६७ अनुसार कुल दश लाख रूपैया सम्मको पूँजी सीमा भित्र रहेका निजी वा साझेदारी फर्म को दर्ता समेत यस ऐन बमोजिम नगरपालिकाले गर्नेछ।

(४) उद्योग, व्यवसायको दर्ता सम्बन्धी शुल्क नगरपालिकाको सालबसाली आर्थिक ऐनमा उल्लेख भए बमोजिम हुनेछ।

(५) उद्योग, व्यवसायको प्रकृति वा सेवाको किसिम र व्यवसायको नाम नै परिवर्तन गर्नु परेमा नयाँ व्यवसाय दर्ता गर्दा लाग्ने सरहको दस्तुर लाग्नेछ।

४. **उद्योग, व्यवसाय दर्ता गर्न निवेदन दिनुपर्ने:** (१) यस ऐन बमोजिम उद्योग, व्यवसाय दर्ता गर्न चाहने व्यक्तिले नगरपालिकामा अनुसूची-१ बमोजिमको ढाँचामा निवेदन र देहाय बमोजिमको आवश्यक कागजात संलग्न गर्नुपर्छ।

(क) नेपाली नागरिकताको प्रमाणपत्र प्रतिलिपि,

(ख) व्यवसाय सञ्चालकको दुई प्रति फोटो,

(ग) व्यवसाय सञ्चालन हुने जग्गाको जग्गाधनि प्रमाण पुर्जाको प्रतिलिपि वा कम्तिमा दश वर्ष

लिजमा लिएको खुल्ने सक्कल कागजात,

(घ) स्थानीय उद्योग वाणिज्य संघको सिफारिस (कृषि तथा पशुजन्य व्यवसायका लागी आवश्यकता अनुसार मात्र),

(ङ) सम्बन्धित वडा कार्यालयको सिफारिस।

(२) उपदफा (१) बमोजिमको निवेदन र कागजातको अतिरिक्त अनुसूची-२ बमोजिमको ढाँचामा फर्म वा व्यवसाय दर्ताको प्रस्तावना पत्र समेत संलग्न गर्नु पर्छ।

(३) उपदफा (१) र (२) बमोजिमको निवेदन जाँचबुझ गर्दा थप विवरण वा कागजात माग्नुपर्ने देखिएमा नगरपालिकाले सम्बन्धित निवेदकलाई त्यस्तो थप विवरण वा कागजात सात दिनभित्र पेश गर्न लगाउन सक्नेछ।

(४) उपदफा (३) बमोजिम माग गरेको थप विवरण तथा कागजात निवेदकले पेश नगरेमा वा पेश गर्न नसकेमा वा यो ऐन वा यस ऐन बमोजिम बनेको नियमावली, निर्देशिका वा कार्यविधिले तोके बमोजिको प्रकृया पूरा गरेको नदेखिएमा नगरपालिकाले कारण खुलाई त्यस्तो उद्योग, व्यवसाय दर्ताको निवेदन अस्वीकृत गर्न सक्नेछ र सो को जानकारी सम्बन्धित निवेदकलाई दिनु पर्छ।

(५) दफा (१) बमोजिम उद्योग, व्यवसाय दर्ताको लागि परेको निवेदन जाँचबुझ गर्दा आवश्यक विवरण तथा कागजात पूरा भएको र यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली, निर्देशिका वा कार्यविधि एवं मापदण्ड बमोजिमको प्रक्रिया पूरा भएको देखिएमा वार्षिक कर एवम अन्य दस्तुरहरु लिई निवेदन परेको मितिले पन्ध्र दिनभित्र नगरपालिकाले निवेदनमा माग भए बमोजिमको उद्योग, व्यवसाय दर्ता गरी अनुसूची-३ बमोजिमको ढाँचामा निवेदकलाई व्यवसाय दर्ताको प्रमाणपत्र र अनुसूची-४ बमोजिमको ढाँचामा उद्योग दर्ताको प्रमाणपत्र दिनु पर्छ।

(६) उद्योग, व्यवसायको वातावरणीय प्रभाव मूल्यांकन वा प्रारम्भिक वातावरण परीक्षण गर्नुपर्ने भएमा सो गरेपछि वा सो सम्बन्धी प्रतिवेदन प्राप्त भएपछि मात्र उद्योग, व्यवसाय स्थापना, संचालन वा कारोवारको अनुमति दिनु पर्छ।

(७) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि लघु उद्यम र घरेलु उद्योगको हकमा त्यस्तो उद्योग संचालनमा आएको मितिले साठी दिनभित्र उद्योग, व्यवसाय दर्ताको लागि निवेदन दिन सकिनेछ।

(८) यस दफा बमोजिम दर्ता भएको उद्योग, व्यवसायले नगरपालिकाले समय समयमा दिएको निर्देशन तथा दर्ता प्रमाणपत्रमा उल्लिखित शर्तहरुको पालना गर्नु पर्छ।

(९) यस दफा बमोजिम दर्ता भएको उद्योग, व्यवसायको विषयगत शाखाले अनुसूची-८ बमोजिमको ढाँचामा उद्योगको प्रकृति अनुसारको ढाँचामा छुट्टा छुट्टै दर्ता किताब खडा गरी अभिलेख राख्नु पर्छ।

**५.** <u>**शाखा दर्ता गर्न सक्नेः**</u> (१) कुनै व्यक्तिको नाममा एउटै उद्देश्य भएको एक भन्दा बढी स्थानमा उद्योग, व्यवसाय संचालन र थप शाखा खोली कारोवार गर्नु पर्ने भएमा सम्बन्धित वडा कार्यालयको सिफारिस सहित आवश्यक कागजात संलग्न राखी नगरपालिकामा निवेदन दिनु पर्छ।

(२) उपदफा (१) बमोजिमको निवेदन तथा अन्य कागजात जाँचबुझ गर्दा आवश्यक विवरण

तथा कागजात पूरा भएको र यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली, निर्देशिका वा कार्यविधि एवं मापदण्ड बमोजिमको प्रक्रिया पूरा भएको देखिएमा निवेदन परेको मितिले पन्ध्र दिनभित्र नगरपालिकाले आर्थिक ऐनमा तोकिए बमोजिमको शुल्क वा दस्तुर लिई शाखा व्यवसाय वा शाखा दर्ताको प्रमाण पत्र दिनु पर्छ।

६. **<u>वातावरणमा पर्ने प्रतिकूल असरको निराकरण गर्नुपर्नेः</u>** इन्जिन, उपकरण वा मेसिनको प्रयोग गरी संचालन हुने उद्योग, व्यवसायले त्यस्तो उद्योग, व्यवसाय संचालनका क्रममा वातावरणमा परेको वा पर्न सक्ने सामाजिक समस्या एवं प्रतिकूल वातावरणीय असरको निराकरण गर्ने जिम्मेवारी सम्बन्धित उद्योग, व्यवसायको हुनेछ।

७. **<u>व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गरेको जानकारी दिनुपर्नेः</u>** (१) यस ऐन बमोजिम दर्ता भएको उद्योग, व्यवसायले उद्योग दर्ता प्रमाणपत्रमा उल्लेख भएको अवधिभित्र उद्योग, व्यवसाय सञ्चालन वा आफ्नो व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्नु पर्छ र सोको जानकारी नगरपालिकालाई गराउनु पर्छ।

(२) कुनै उद्योग, व्यवसायले उपदफा (१) बमोजिम उद्योग, व्यवसाय सञ्चालन वा आफ्नो व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्न नसकेमा सोको कारण खुलाई उद्योग दर्ता प्रमाणपत्रमा उल्लिखित अवधि समाप्त हुनु भन्दा कम्तीमा एक महिना अगाडि त्यस्तो अवधि बढाउनका लागि नगरपालिका समक्ष तोकिए बमोजिम निवेदन दिन सक्नेछ।

(३) उपदफा (२) बमोजिम निवेदन प्राप्त हुन आएमा र निवेदनमा उल्लिखित कारण मनासिब देखिएमा नगरपालिकाले त्यस्तो उद्योगको सञ्चालन वा व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्ने अवधि बढाउन सक्नेछ।

(४) उपदफा (३) बमोजिम अवधि बढाउन निवेदन नदिएमा वा उपदफा (१) बमोजिमको अवधि वा उपदफा (३) बमोजिम बढाइएको अवधिभित्र पनि त्यस्तो उद्योग, व्यवसायीले उद्योग, व्यवसाय सञ्चालन वा आफ्नो व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ नगरेमा त्यस्तो उद्योग, व्यवसायको दर्ता प्रमाणपत्र स्वतः रद्द हुनेछ।

(५) उपदफा (४) बमोजिम उद्योग, व्यवसायको दर्ता प्रमाणपत्र रद्द भएमा नगरपालकिाको अभिलेखमा रहेको त्यस्तो उद्योग, व्यवसायको दर्ता प्रमाणपत्रमा कारण खुलाई रद्द भएको व्यहोरा जनाउनु पर्छ र सोको अभिलेख विषयगत शाखाले अद्यावधिक गर्नु पर्छ।

८. **<u>उद्योग, व्यवसायको नवीकरण गर्नुपर्नेः</u>** (१) दफा ४ बमोजिम दर्ता तथा दफा १२ बमोजिम सूचीकरण भएको उद्योग, व्यवसाय प्रत्येक आर्थिक वर्षको असोज मसान्त भित्र वार्षिक कर अग्रिम रुपमा तिरि प्रत्येक वर्षको लागि व्यवसाय अनुसूची-७ बमोजिमको ढाँचामा नगरपालिकामा निवेदन दिई नवीकरण गरिसक्नु पर्छ।

(२) उपदफा (१) बमोजिमको नवीकरण निवेदनको साथमा देहाय बमोजिमका कागजात संलग्न गर्नुपर्छ।

(क) उद्योग, व्यवसाय दर्ताको सक्कल प्रमाणपत्र,

(ख) स्थायी लेखा नं, मूल्य अभिवृद्धिकर दर्ता प्रमाणपत्रको प्रतिलिपी,

(ग) गत आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी,

(घ) लेखापरीक्षण प्रतिवेदन (रु. बीस लाख भन्दा माथिको पूँजीको हकमा)

(ङ) व्यवसाय संचालनको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(च) मालपोत तिरेको रसिदको प्रतिललिपि,

(छ) व्यवसाय सञ्चालन हुने, भएको स्थानको दुई प्रति फोटो,

(ज) स्थानीय उद्योग वाणिज्य संघको सिफारिस (कृषि तथा पशुजन्य व्यवसायका लागि आवश्यकता अनुसार मात्र)

(झ) सम्बन्धीत वडाको सिफारिसको कागजात।

(३) यस ऐन जारी हुनु अघि तत्कालीन कानूनी व्यवस्था अनुसार दर्ता भएका तर नवीकरण नगरेका उद्यमी, व्यवसायीले आफ्नो उद्योग, व्यवसाय नवीकरण गर्न आएमा नगरपालिकाले राजश्व परामर्श समितिको सिफारिशमा निर्धारण गरे बमोजिम उक्त उद्योग, व्यवसाय नवीकरण गर्न सक्नेछ। साथै प्रत्येक आ.ब. मा व्यवसाय दर्ता, नविकरण राजश्व शूल्क, दस्तुर नगरपालिकाले पुनरावलोकन गर्न सक्नेछ।

(४) प्रचलित कानून बमोजिम विभिन्न निकायबाट दर्ता वा संचालन अनुमति प्राप्त गरी बीचमा व्यपारिक वा व्यवसायिक कारोवार नगरी नियमित लेखापरीक्षण तथा आन्तरिक राजस्व कार्यालयमा नियमित शून्य विवरण बुझाई फर्मलाई कानूनी रुपमा जीवितै राखेका उद्योगी व्यवसायीले आफ्नो उक्त फर्म नवीकरण गर्न आएमा त्यसरी व्यपारिक वा व्यवसायिक कारोवार नगरी नियमित रुपमा शून्य विवरण बुझाई, लेखापरीक्षण गरी गराई बसेको अवधिको लागि नगरपालिकाले राजश्व परामर्श समितिको सिफारिशमा तोकिएको नवीकरण दस्तुर लिई उद्योग, व्यवसाय नवीकरण गर्न सक्नेछ।

९. <u>विवरण हेरफेर गर्नुपर्ने भएमा अनुमति लिनुपर्नेः</u> (१) दफा ४ बमोजिम दर्ता तथा दफा १२ बमोजिम सूचीकरण भएको उद्योग, व्यवसायले कुनै विवरण परिवर्तन वा हेरफेर गर्नुपर्ने भएमा देहाय बमोजिमका कागजात संलग्न राखी नगरपालिकामा निवेदन दिनुपर्छ।

(क) उद्योग, व्यवसाय दर्ताको सक्कल प्रमाण पत्र,

(ख) स्थायी लेखा नं, मूल्य अभिवृद्धिकर दर्ता प्रमाणपत्रको प्रतिलिपी,

(ग) गत आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी,

(घ) लेखापरीक्षण प्रतिवेदन (रु. बीस लाख भन्दा माथिको पूँजीको हकमा),

(ङ) नामसारीको हकमा नामसारी गरिदिने, गरिलिने व्यक्तिको सक्कल नागरकिता सहित गरिलिनेको दुई प्रति हालसालै खिचिएको पासपोर्ट साइजको फोटो।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदन र संलग्न कागजात उपर जाँचबुझ गरी मनासिब देखिएमा नगरपालिकाले आर्थिक ऐनमा उल्लेख गरिए बमोजिमको दस्तुर लिई विवरण संशोधन गरिदिनु पर्छ सोको अभिलेख विषयगत शाखाले अद्यावधिक गरी प्रमाण पत्रमा समेत उल्लेख गरिदिनु पर्छ।

१०. <u>साझेदार थपघट भएमा स्वीकृति लिनुपर्नेः</u> (१) एक व्यक्ति वा एक भन्दा बढी व्यक्तिको नाममा दर्ता भएको कुनै उद्योग, व्यवसायमा साझेदार थपघट गर्नुपरेमा देहाय बमोजिमका कागजात संलग्न राखी नगरपालिकामा निवेदन दिनुपर्छ।

(क) उद्योग, व्यवसाय दर्ताको सक्कल प्रमाण पत्र,

(ख) स्थायी लेखा नं, मूल्य अभिवृद्धिकर दर्ता प्रमाणपत्रको प्रतिलिपी,

(ग) गत आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी,

(घ) लेखापरीक्षण प्रतिवेदन (रु. बीस लाख भन्दा माथिको पूँजीको हकमा),

(ङ) दफा संशोधनको सम्झौतापत्र।

(२) उपदफा (१) बमोजिमको कागजात सहित निवेदन परेमा नगरपालिकाले आवश्यक जाँचबुझ गरी आर्थिक ऐनमा उल्लेख गरिए बमोजिमको दस्तुर लिई विवरण संशोधन गरिदिनु पर्छ सोको अभिलेख विषयगत शाखाले अद्यावधिक गरी प्रमाणपत्रमा समेत उल्लेख गरिदिनु पर्छ।

११. **उद्योग, व्यवसाय संचालनको अनुमति लिनुपर्नेः** (१) नगरपालिकामा उद्योग, व्यवसाय दर्ता गर्नुअघि वा दर्ता गरिसके पछि अन्य सम्बन्धित निकायबाट प्रचलित कानून बमोजिम दर्ता, अनुमति वा स्वीकृति लिनुपर्ने भएमा तत् तत् निकायबाट समेत अनुमति वा स्वीकृति लिई उद्योग, व्यवसाय संचालन गर्नु सम्बन्धित उद्योगी, व्यवसायीको कर्तव्य हुनेछ।

१२. **उद्योग, व्यवसाय सूचीकरण हुनुपर्नेः** (१) संघ र प्रदेश मातहतका कार्यालयमा दर्ता भई यस नगरपालिका क्षेत्रभित्र संचालन हुने वा हुन चाहने कुनै पनि उद्योग, व्यवसाय नगरपालिकामा अनिवार्य रुपमा सूचीकृत हुनु पर्छ।

(२) उपदफा (१) बमोजिम सूचीकरणको लागि अनुसूची-५ बमोजिमको ढाँचामा तोकिए बमोजिमको कागजात संलग्न राखी नगरपालिकामा निवेदन दिनु पर्छ।

(३) उपदफा (२) बमोजिम प्राप्त निवेदन र कागजात अध्ययन गरी उपयुक्त देखिएमा तोकिए बमोजिमको दस्तुर लिई नगरपालिकाले त्यस्तो उद्योग, व्यवसाय सूचीकरण गरी अनुसूची-६ बमोजिमको ढाँचामा सूचीकरणको प्रमाणपत्र उपलब्ध गराउने छ।

(४) नगरपालिकाबाट उपदफा (३) बमोजिमको सूचीकरणको प्रमाणपत्र प्राप्त गरेपछि मात्र उद्योग, व्यवसाय संचालन गर्नु पर्छ।

(५) यस ऐन प्रारम्भ हुनु अगावै संघ वा प्रदेश मातहतका कार्यालयमा दर्ता भई संचालनमा रहेका उद्योग, व्यवसायले यो ऐन प्रारम्भ भएको मितिले तीन महिनाभित्र नगरपालिकामा नियमानुसार सूचीकृत भइसक्नु पर्छ। अन्यथा दफा ३२ बमोजिम कारवाही हुनेछ।

(६) यस दफा बमोजिम सूचीकृत भएको उद्योग, व्यवसायले नगरपालिकाले समय समयमा दिएको निर्देशन तथा दर्ता प्रमाणपत्रमा उल्लिखित शर्तहरुको पालना गर्नु पर्छ।

(७) यस दफा बमोजिम सूचीकृत भएको उद्योग, व्यवसायको विषयगत शाखाले अनुसूची-८ बमोजिमको ढाँचामा उद्योगको प्रकृति अनुसार छुट्टाछुटै दर्ता किताब खडा गरी अभिलेख राख्नु पर्छ।

१३. **शर्तहरु पालना गर्नुपर्नेः** (१) दफा ४ बमोजिम दर्ता तथा दफा १२ बमोजिम सूचीकरण भएका उद्योग व्यवसायले देहाय बमोजिमका शर्तहरु पालना गर्नुपर्छ।

(क) प्रत्येक आ.व. को असोज मसान्तभित्र उद्योग, व्यवसाय नवीकरण गरि सक्नुपर्छ,

(ख) उद्योग, व्यवसाय संचालन गरिआएको स्थान परिवर्तन गर्नुपर्ने भएमा नगरपालिकाबाट पूर्व स्वीकृति लिनुपर्छ,

(ग) उद्योग, व्यवसायको साझेदार थपघट वा अन्य विवरण अद्यावधिक गर्नुपर्ने भएमा नगरपालिकाबाट अनुमति लिनुपर्छ,

(घ) आफूले संचालन गरेको उद्योग, व्यवसाय बन्द गर्नु पर्दा वा छाड्नु पर्दा सो मिति सम्मको

सम्पूर्ण कर तिरी उद्योग, व्यवसाय बन्द वा दर्ता खारेज भएको पत्र लिनुपर्छ,

(ङ) यो प्रमाणपत्र उद्योग, व्यवसाय गरेको स्थानमा सबैले देख्ने गरी राख्नुपर्छ र सम्बन्धित निकायबाट अनुगमनको क्रममा हेर्न चाहेको बखत तुरुन्त देखाउनुपर्छ,

(च) आफूले संचालन गरेको उद्योग, व्यवसायम बाल श्रमिक प्रयोग गर्न पाइने छैन,

(छ) आफूले संचालन गरेको उद्योग, व्यवसायबाट निस्कने फोहरमैला तोकिएको स्थानमा वा संचालक स्वयंबाट व्यवस्थापन गर्नुपर्छ,

(ज) प्रचलित कानूनको पूर्ण परिपालना गरेर मात्र उद्योग, व्यवसाय संचालन गर्नुपर्छ,

(झ) छायाँनाथ रारा नगरपालिकाको उद्योग, व्यवसाय दर्ता तथा संचालन ऐन, २०८० र अन्य प्रचलित कानूनले निषेधित क्रियाकलाप गर्नु हुँदैन।

(२) उपदफा (१) को खण्ड (झ) मा उल्लेखित शर्तनामाको अतिरिक्त छायाँनाथ रारा नगरपालिकाको उद्योग, व्यवसाय दर्ता तथा संचालन ऐन, २०८० मा भएका व्यवस्था र अन्य प्रचलित कानूनको पालना नगरेमा नगरपालिकाले जुनसुकै बखत यो प्रमाणपत्र रद्द गरी व्यवसाय बन्द गर्न सक्नेछ।

१४. **<u>अनुगमन, नियमन र निर्देशन दिने:</u>** (१) नगरपालिका क्षेत्रभित्र यस ऐन बमोजिम दर्ता तथा सूचीकरण भएका सबै किसिमका उद्योग व्यवसायले प्रचलित कानून र उद्योग, व्यवसाय दर्ता तथा सूचीकरण प्रमाणपत्रमा उल्लिखित शर्तहरुको पालना गरे वा नगरेको सम्बन्धमा नगरपालिकाले बजार अनुगमन निर्देशिका (कार्यविधि), २०७५ अनुसार उद्योग, व्यवसायको नियमित अनुगमन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको अनुगमनको सिलसिलामा वा कुनै खास पेशा, व्यवसाय वा व्यापारको सम्बन्धमा केही कुरा बुझ्न आवश्यक ठानेमा नगरपालिकाले सम्बन्धित उद्योग, व्यवसायीबाट कुनै जानकारी वा विवरण माग गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम नगरपालिकाले कुनै जानकारी वा विवरण माग गरेमा त्यस्तो जानकारी वा विवरण उपलब्ध गराउनु सम्बन्धित उद्योग, व्यवसायीको कर्तव्य हुनेछ।

(४) उपदफा (३) बमोजिम प्राप्त जानकारी वा विवरणबाट त्यस्तो उद्योग, व्यवसाय सञ्चालनमा कुनै किसिमको समस्या भएको देखिएमा नगरपालिकाले सम्बन्धित उद्योग, व्यवसायीसँग छलफल गरी त्यस्तो उद्योग, व्यवसायीलाई आवश्यक सहयोग, सहजीकरण र निर्देशन गर्न सक्नेछ।

(५) यस ऐन बमोजिम नगरपालिकामा दर्ता तथा सूचीकरण भई उद्योग, व्यवसाय संचालन गर्दा समाजिक सदाचार र व्यवसायिक आचरण कायम राख्नुपर्छ। यस सम्बन्धमा नगरपालिकाले दिने निर्देशनको पालना गर्नु सम्बन्धित उद्योगी, व्यवसायीको दायित्व हुनेछ।

१५. **<u>उद्योग व्यवसाय स्थानान्तरणको लागि स्वीकृति लिनुपर्ने:</u>** (१) नगरपालिका क्षेत्रभित्र कुनै एक वडामा सञ्चालन गर्ने गरी दर्ता भएको उद्योग, व्यवसाय कुनै कारणले अन्यत्र अर्को वडामा स्थानान्तरण गर्नुपर्ने भएमा सोको कारण खुलाई स्थानान्तर भई आउने र जाने दुवै वडा कार्यालयको सिफारिस सहित नगरपालिका समक्ष उद्योग स्थानान्तरणका लागि तोकिए बमोजिमको ढाँचामा निवेदन दिनु पर्छ।

(२) उपदफा (१) बमोजिम प्राप्त कागजात अध्ययन गरी वातावरणीय प्रभाव मूल्यांकन वा प्रारम्भिक वातावरणीय परीक्षण गर्नुपर्ने भए सो समेत सम्पन्न गरी स्थानान्तरणको लागि उपयुक्त देखिएमा नगरपालिकाले आर्थिक ऐनमा उल्लेख गरिए बमोजिमको दस्तुर लिई व्यवसाय दर्ता तथा

सूचीकरण प्रमाणपत्रमा समेत सो व्यहोरा खुलाई उद्योग, व्यवसायको ठाउँसारी गरी र सोको अभिलेख विषयगत शाखाले अद्यावधिक गर्नु पर्छ।

(३) उपदफा (२) बमोजिम स्थानान्तरणको अनुमति प्राप्त भए पश्चात मात्र उद्योग व्यवसाय स्थानान्तरण गर्नु पर्छ।

१६. **<u>विवरण उपलब्ध गराउनु पर्नेः</u>** (१) प्रत्येक उद्योग, व्यवसायले व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गरेपछि तोकिए बमोजिमको विवरण प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र नगरपालिकाको विषयगत शाखामा पेश गर्नु पर्छ।

१७. **<u>उद्योग व्यवसाय बन्द गरेमा जानकारी दिनुपर्नेः</u>** (१) यस ऐन बमोजिम दर्ता तथा सूचीकरण भएको उद्योग, व्यवसाय कुनै कारणले बन्द गर्नुपर्ने भएमा वा उद्योगको व्यावसायिक उत्पादन वा कारोबार स्थगन गर्नुपर्ने भएमा त्यसरी बन्द वा स्थगन गरेको मितिले सात दिनभित्र सम्बन्धित वडाको सिफारिस सहित त्यसको जानकारी नगरपालिकालाई दिनु पर्छ।

१८. **<u>उद्योग, व्यवसाय चालू रहेको मानिनेः</u>** (१) यस ऐन बमोजिम व्यवसाय दर्ता वा सूचीकरण भएपछि खारेजीको निर्णय भई लगत कट्टा नभए सम्म सो उद्योग, व्यवसाय चालू रहेको मानिनेछ।

१९. **<u>उद्योग व्यवसायको दर्ता खारेज गर्न निवेदन दिनुपर्नेः</u>** (१) कुनै कारणले उद्योग, व्यवसाय सञ्चालन गर्न नसकिने भएमा त्यस्तो उद्योग, व्यवसायको दर्ता वा सूचीकरणको खारेजीको लागि मनासिब कारण खोली नगरपालिका समक्ष देहाय बमोजिमको कागजात सहित निवेदन दिनुपर्छ।

तर प्रचलित कानून बमोजिम दामासाहीमा परेको अवस्थामा सोही कानून बमोजिम हुनेछ।

(क) उद्योग, व्यवसाय दर्ताको सक्कल प्रमाणपत्र,

(ख) फर्म धनीको शेषपछिको अंशियारहरुको मञ्जुरी कागज,

(ग) सक्कल नेपाली नागरिकताको प्रमाणपत्र सहित सम्बन्धित व्यक्ति,

(घ) स्थायी लेखा नं., मूल्य अभिवृद्धिकर दर्ता प्रमाणपत्रको प्रतिलिपी,

(ङ) गत आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी,

(च) लेखापरीक्षण प्रतिवेदन (रु. बीस लाख भन्दा माथिको पूँजीको हकमा),

(छ) प्रोप्राइटरको मृत्यु भएकोमा मृत्युदार्ता र नाता प्रमाणित प्रमाणपत्र,

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त हुन आएमा नगरपालिकाले आवश्यक जाँचबुझ गरी त्यस्तो उद्योग, व्यवसायको दर्ता खारेज गर्न उपयुक्त हुने देखिएमा चालू आर्थिक वर्षसम्मको नगरपालिकालाई तिर्नु बुझाउनुपर्ने सबै खालको दायित्व र व्यवसाय खारेजीको लागि लगत कट्टा वापत आर्थिक ऐनमा उल्लेख गरिए बमोजिमको शुल्क लिई लगत कट्टा गरी सोको जानकारी निवेदकलाई दिनु पर्छ।

(३) यस ऐन र अन्य प्रचलित कानून विपरितको कारोवार गरेमा, पेशा व्यवसाय संचालन गरेमा वा नगरपालिकाले दिएको निर्देशन उलंघन गरेमा नगरपालिकाले बाँकी बक्यौता तथा जरिवाना असुल गरी उक्त उद्योग, व्यवसायको दर्ता नगरपालिकाले जुनसुकै बखत खारेज गर्न सक्नेछ।

(४) उपदफा (३) बमोजिम उद्योग, व्यवसाय खारेज गर्नुपूर्व सम्बन्धित उद्योगी, व्यवसायीलाई सफाई पेश गर्ने पर्याप्त मौका दिनु पर्छ।

(५) उपदफा (३) बमोजिम नगरपालिकाले कुनै उद्योग, व्यवसायको दर्ता खारेज गरेमा उक्त उद्योगी, व्यवसायीको नाउँमा तीन वर्षसम्म नगरपालिका क्षेत्रभित्र कुनै पनि उद्योग, व्यवसाय

दर्ता गरी संचालन गर्न पाउने छैन। साथै त्यस्ता व्यवसायीको विवरण सार्वजनिक गरिनेछ।

२०. **प्रतिलिपी दिन सक्नेः** (१) उद्योग, व्यवसाय दर्ता तथा सूचीकरण प्रमाणपत्र हराएमा, च्यातिएमा, जलेमा वा कुनै कारणले नष्ट भएमा, नविकरण गर्ने महल खाली नभएमा वा यस्तै अन्य कारणले प्रमाणपत्र उपलब्ध गराउनु पर्ने भएमा नगरपालिकाले आवश्यक जाँचबुझ गरी कार्यालयको अभिलेखानुसार व्यहोरा पुष्टि भएमा आर्थिक ऐनमा उल्लेख गरिए बमोजिमको दस्तुर लिई नगरपालिकाले नयाँ प्रतिलिपी प्रमाणपत्र दिन सक्नेछ।

२१. **उद्योग, व्यवसाय संचालन नभएको सिफारिस दिन सक्नेः** (१) यस ऐन र अन्य प्रचलित कानून बमोजिम दर्ता तथा सूचीकरण भएको कुनै उद्योग, व्यवसाय संचालन नै नभएकोले सोको व्यहोरा सम्बन्धित निकायमा सिफारिस गरिदिनको लागि सम्बन्धित वडा कार्यालयको सिफरिस सहित नगरपालिकामा निवेदन दिएमाा सो सम्बन्धमा नगरपालिकाले आवश्यक जाँचबुझ गरी व्यहोरा पुष्टि भएमा आर्थिक ऐनमा उल्लेख गरिए बमोजिमको दस्तुर लिई माग गरे बमोजिमको व्यहोराको सिफारिस उपलब्ध गराउन सक्नेछ।

## परिच्छेद-३
## उद्योग, व्यवसायको विवरण र वर्गीकरण

२२. **उद्योग, व्यवसायको विवरणः** (१) यस ऐन बमोजिम दर्ता तथा सूचीकरण हुने उद्योग, व्यवसाय अनुसूची-९ बमोजिम हुनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि नगरपाललिकाले कार्यपालिकाको निर्णय बमोजिम नगरपालिकाको राजपत्रमा सूचना प्रकाशन गरी अनुसूची-९ मा उल्लेखित उद्योग, व्यवसायको सूचीमा थपघट वा हेरफेर वा परिमार्जन गर्न सक्नेछ।

२३. **उद्योग, व्यवसायको वर्गीकरणः** (१) यस ऐनको प्रयोजनको लागि उद्योग, व्यवसायलाई देहाय बमोजिम वर्गीकरण गरिने छः-

**(क) लघु उद्यमः** देहायको अवस्था भएको उद्योगलाई लघु उद्यम, व्यवसाय मानिनेछः-

(१) घर जग्गा बाहेक बढीमा बिस लाख रुपैयाँ सम्मको स्थिर पूँजी रहेको,

(२) उद्यमी स्वयं उद्योगको सञ्चालन र व्यवस्थापनमा संलग्न रहेको,

(३) उद्यमी सहित बढीमा नौ जनासम्म कामदार रहेको,

(४) वार्षिक कारोबार एक करोड रुपैयाँ भन्दा कम रहेको, र

(५) इन्जिन, उपकरण वा मेसिनको प्रयोग गरेको भएमा इन्जिन, उपकरण वा मेसिनमा खपत हुने विद्युतीय ऊर्जा, इन्धन वा अन्य तेल इन्जिन क्षमता बीस किलोवाट हर्षपावर वा सोभन्दा कम रहेको।

**(ख) घरेलु उद्योग, व्यवसायः** देहायको अवस्था भएको उद्योगलाई घरेलु उद्योग, व्यवसाय मानिनेछः-

(१) परम्परागत सीप र प्रविधिमा आधारित,

(२) श्रममूलक र खास सीप वा स्थानीय कच्चा पदार्थ एवं स्थानीय प्रविधि, कला तथा संस्कृतिमा आधारित,

(३) इन्जिन, उपकरण वा मेसिनको प्रयोग गरेको भएमा बढीमा चालीस किलोवाट/हर्षपावर सम्मको क्षमताको विद्युतीय ऊर्जा प्रयोग गरेका उद्योग ।

**(ग) साना उद्योग, व्यवसायः** लघु उद्यम र घरेलु उद्योग बाहेकको दश करोड रुपैयाँसम्म स्थिर पूँजी भएको उद्योग।

**(घ) मझौला उद्योगः** दश करोड भन्दा बढी पच्चीस करोड रुपैयाँसम्म स्थीर पूँजी भएको उद्योग।

**(ङ) ठूला उद्योगः** पच्चीस करोड रुपैयाँ भन्दा बढी स्थीर पूँजी भएको उद्योग।

(२) उपदफा (१) बमोजिमका उद्योग, व्यवसायहरुलाई उद्योगबाट उत्पादन हुने वस्तु तथा सेवाको आधारमा देहाय बमोजिम वर्गीकरण गरिनेछ।

(क) **उर्जामूलक उद्योगः** उर्जा उत्पादन गर्ने व्यवसायमा संलग्न उद्योग। फर्म धनीको शेषपछिको अंशियारहरुको मञ्जुरी कागज,

(ख) **उत्पादनमूलक उद्योगः** कच्चा पदार्थ वा अप्रशोधित कच्चा पदार्थको प्रयोग वा प्रशोधन गरी मालवस्तु उत्पादन गर्ने उद्योगहरु

(ग) **कृषि तथा पशुपंक्षीजन्य उद्योगः** कृषि तथा पशुपंक्षीमा आधारित कच्चा पदार्थबाट कुनै वस्तु उत्पादन गर्ने वा कृषि तथा पशुपंक्षीजन्य व्यवसायसँग सम्बन्धित उद्योगहरु

(घ) **वन पैदावारमा आधारित उद्योगः** वन पैदावारमा आधारित कच्चा पदार्थबाट कुनै वस्तु उत्पादन गर्ने वा वन पैदावारसँग सम्बन्धित उद्योगहरु

(ङ) **खनिज उद्योगः** खनिज उत्खनन वा प्रशोधन गरी कुनै धातु वा धातुवाहेकका खनिज पदार्थ उत्पादन गर्ने उद्योगहरु

(च) **निर्माण उद्योगः** भौतिक पूर्वाधार निर्माणसँग सम्बन्धित उद्योग

(छ) **पर्यटन उद्योगः** पर्यटन सेवासँग सम्बन्धित उद्योग

(ज) **सूचना प्रविधिमा आधारित उद्योगः** सूचना संकलन, प्रशोधन र प्रसार णको लागि प्रविधि प्रयोग गरी सूचना, संचार तथा सूचना प्रविधिको सेवा उपलब्ध गराउने उद्योग

(झ) **सेवामूलक उद्योगः** सेवा उत्पादन तथा वितरणसँग सम्बन्धित उद्योग ।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि नगरपालकिाले कार्यपालिकाको निर्णय बमोजिम नगरपालिकाको राजपत्रमा सूचना प्रकाशन गरी कुनै उद्योगलाई उद्योगको वर्गीकरणमा समावेश गर्न सक्नेछ।

२४. **स्थीर पूँजी परिवर्तनः** (१) कुनै उद्योगले आफ्नो स्थीर पूँजी परिवर्तन गर्न चाहेमा नगरपालिका समक्ष तोकिए बमोजिमको ढाँचामा निवेदन दिनु पर्छ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा नगरपालिकाले त्यस्तो उद्योगको स्थीर पूँजी परिवर्तन गरी परिवर्तन भए बमोजिमको जुन वर्गमा पर्ने हो सोही वर्गमा वर्गीकृत गरी एक हजार रुपैया दस्तुर लिई नयाँ प्रमाणपत्र जारी गर्न सक्नेछ।

## परिच्छेद-४

## उद्योग विकास, प्रवर्धन तथा व्यवस्थापन सम्बन्धी व्यवस्था

२५. **उद्योग, व्यवसाय विकास, प्रवर्धन तथा व्यवस्थापन समितिः** (१) नगरपालिकाले नगरक्षेत्रको समग्र उद्योग विकास, प्रवर्धन तथा व्यवस्थापन सम्बन्धी कार्यको संयोजन गर्न नगरपालिकाको प्रमुखको संयोजकत्वमा देहाय बमोजिमको उद्योग, व्यवसाय विकास, प्रवर्धन तथा व्यवस्थापन समिति गठन गर्नेछ।

(क) नगर प्रमुख -संयोजक

(ख) नगर उपप्रमुख -सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(घ) आर्थिक विकास समितिको संयोजक -सदस्य

(ङ) नीति, योजना तथा अनुगमन र वित्त व्यवस्थापन महाशाखा प्रमुख -सदस्य

(च) नगर प्रमुखले तोकेको कार्यपालिका सदस्य मध्येबाट एकजना महिला सहित दुईजना -सदस्य

(छ) जिल्ला उद्योग वाणिज्य संघको अध्यक्ष -सदस्य

(ज) नगर उद्योग वाणिज्य संघको अध्यक्ष -सदस्य

(झ) नगर प्रमुखले मनोनित गरेका नगरपालिका क्षेत्रभित्रका ख्याति प्राप्त उद्योगविद एकजना -सदस्य

(ञ) आर्थिक विकास महाशाखा प्रमुख -सदस्य सचिव

(२) समितिले आवश्यक ठानेमा विषयसँग सम्बन्धित कुनै कर्मचारी वा अन्य कुनै व्यक्ति वा विशेषज्ञलाई समतिको बैठकमा भाग लिन आमन्त्रण गर्न सक्नेछ।

(३) समितिको सचिवालय नगर कार्यपालिकाको कार्यालयमा रहनेछ।

(४) समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

२६. **उद्योग, व्यवसाय विकास, प्रवर्धन तथा व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः** (१) यस ऐनमा उल्लिखित अन्य काम, कर्तव्य र अधिकारका अतिरिक्त उद्योग, व्यवसाय विकास, प्रवर्धन तथा व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) औद्योगिक प्रवर्धन, लगानीको संरक्षण, अभिवृद्धि तथा औद्योगिकीकरण सम्बन्धी नीतिगत निर्णय गर्ने,

(ख) उद्योग सम्बन्धी कानूनको कार्यान्वयनमा कुनै बाधा, अड्काउ वा द्विविधा उत्पन्न भएमा त्यसको समाधानको लागि सहजीकरण गर्ने,

(ग) नगरपालिकाकाको समग्र औद्योगिकीकरण तथा व्यवसायिकरण सम्बन्धी नीतिगत, कानूनी, संस्थागत र प्रक्रियागत संरचना एवं कार्य प्रणालीको नियमित समीक्षा गरी त्यसमा आवश्यक सुधार गर्न नगर कार्यपालिका समक्ष सिफारिस गर्ने,

(घ) औद्योगिक प्रदूषण नियन्त्रण सम्बन्धी नीतिगत निर्णय गर्ने,

(ङ) नगरपालिकाको औद्योगिक विकासको स्थितिको समग्र मूल्यांकन तथा समीक्षा गरी आवश्यक

कदम चाल्न नगर कार्यपालिका समक्ष सुझाव तथा सिफारिस गर्ने,

(च) यस ऐन तथा प्रचलित कानून बमोजिम उद्योगले पाउने सेवा, सुविधा तथा सहुलियत उद्योग व्यावसायिहरुलाई दिलाउन कुनै कठिनाई आइपरेमा सोको निराकरण गर्ने,

(छ) उद्योगी तथा व्यवसायीको गुनासो सुनुवाई गरी समस्या समाधान गर्ने वा गराउने तथा सम्बन्धित निकायलाई मार्गदर्शन गर्ने,

(ज) उद्योगको स्तर र वर्गीकरण तथा प्रकृतिमा थपघट वा परिवर्तन गर्नुपर्ने भएमा नगर कार्यपालिका समक्ष सिफारिस गर्ने,

(झ) उद्योगबाट उत्पादित वस्तु वा सेवाको गुणस्तर सुनिश्चित गर्ने सम्बन्धमा आवश्यक नीतिगत निर्णय गर्ने,

(ञ) सार्वजनिक, निजी र सहकारी क्षेत्रको प्रभावकारी समन्वयात्मक र समाञ्जस्यपूर्ण सहकार्यमा प्रतिस्पर्धात्मक औद्योगिक वातावरण निर्माण गर्न आवश्यक कार्य गर्ने गराउने,

(ट) नगरपालिका क्षेत्रभित्र औद्योगिकरणको गतिलाई तिव्रता दिन आवश्यक कार्य गर्ने गराउने।

## परिच्छेद-५
## छुट तथा सहुलियत सम्बन्धी व्यवस्था

२७. **छुट, सुविधा वा सहुलियतः** (१) यस ऐन बमोजिम नगरपालिका क्षेत्रभित्र कुनै लघु उद्योग, व्यवसाय दर्ता गर्दा दर्ता शुल्क वा दस्तुरमा राजश्व परामर्श समितिको सिफारिसमा नगरपालिकाले निर्धारण गरे अनुसार छुट हुनेछ।

(२) नगरपालिका क्षेत्रभित्र कुनै उद्योग, व्यवसाय दर्ता गर्न चाहने महिला, दलित, अपांगता भएका व्यक्ति र अन्य सीमान्तकृत वर्ग एवं समुदायका व्यक्तिलाई उद्योग, व्यवसाय दर्ता गर्दा लाग्ने शुल्कमा राजश्व परामर्श समितिको सिफारिसमा नगरपालिकाले निर्धारण गरे अनुसार छुट दिन सक्नेछ।

(३) यो ऐन बमोजिम दर्ता तथा सूचीकृत भएका उद्योग व्यवसायलाई नगरपालिकाले नगरसभाबाट निर्णय गरी कुनै किसिमको छुट, सुविधा वा सहुलियत दिन सक्नेछ।

२८. **लिजमा जग्गा उपलब्ध गराउनेः** (१) राष्ट्रिय प्राथमिकता प्राप्त उद्योग व्यवसाय संचालन गर्न नेपाल सरकारको स्वामित्वमा रहेको जग्गा आवश्यक पर्ने भएका त्यस्तो उद्योगले आफूलाई आवश्यक पर्ने जग्गाको क्षेत्रफल खुलाई नगरपालिका समक्ष निवेदन दिएमा नगरपालिकाले त्यस्तो उद्योग, व्यवसायलाई आवश्यक पर्ने जग्गा उपलब्ध गराउने सम्बन्धमा आवश्यक कारवाही आगाडि बढाउन सिफारिस साथ सम्बन्धित निकायमा लेखी पठाउनेछ।

(२) उपदफा (१) बमोजिमको निवेदन प्राप्त भए पश्चात संलग्न कागजातको अध्ययन गरी सम्बन्धित निकायले प्रचलित कानून बमोजिम त्यस्तो जग्गा उद्योग संचालनको प्रयोजनको लागि सम्बन्धित उद्योग, व्यवसायलाई लिजमा उपलब्ध गराउने छ र लिजमा जग्गा प्राप्त गरी संचालन भएको उद्योग, व्यवसाय कुनै कारणवश संचालन हुन नसकेमा लिज सम्झौता स्वत रद्द हुनेछ।

२९. **छुट, सुविधा वा सहुलियतको प्रत्याभूतिः** (१) यो ऐन प्रारम्भ हुँदाका बखत दर्ता भई संचलनमा रहेका उद्योग, व्यवसायलाई यस ऐन र अन्य प्रचलित कानून बमोजिम प्रदान गरिएको छुट, सुविधा वा

सहुलियतलाई सीमित गर्ने गरी कुनै कानूनी व्यवस्था गरिने छैन।

३०. **छुट, सुविधा वा सहुलियतको दुरुपयोग गर्न नहुनेः** (१) यस ऐन वा प्रचलित कानून बमोजिम उद्योगले प्राप्त छुट, सुविधा वा सहुलियत जुन प्रयोजनको लागि प्रदान गरिएको हो सोही प्रयोजनको लागि मात्र प्रयोग गर्नुपर्नेछ र त्यसको दुरुपयोग गर्न पाइने छैन।

३१. **औद्योगिक सुरक्षा सम्बन्धी व्यवस्थाः** (१) यस ऐन वा प्रचलित कानून बमोजिम स्थापना भएको उद्योगको लागि आवश्यकता अनुसार नेपाल सरकारसँग समन्वय गरी नगरपालिकाले तोकिए बमोजिमको औद्योगिक सुरक्षा उपलब्ध गराउने छ।

## परिच्छेद-६
## सजाय र पुनरावेदन सम्बन्धी व्यवस्था

३२. **उद्योग, व्यवसाय दर्ता, सूचीकरण र नवीकरण नगरी संचालन गरेमा कारवाही हुनेः** (१) कसैले यस कानून र अन्य प्रचलित कानून बमोजिम उद्योग, व्यवसाय दर्ता, सूचीकरण र नवीकरण नगरीकन नगरपालिका क्षेत्रभित्र कुनै उद्योग, व्यवसाय संचालन गरेको पाइएमा नगरपालिकाले सम्बन्धित उद्योगी, व्यवसायीलाई पैतिस दिनको म्याद दिई उद्योग, व्यवसाय दर्ता वा सूचीकरण वा नवीकरण गर्नको लागि निर्देशन दिनेछ।

(२) उपदफा (१) बमोजिम निर्देशन दिएको मितिले पैतिस दिनभित्र उद्योग, व्यवसाय दर्ता वा सूचीकरण वा नवीकरण नगरेमा सम्बन्धित व्यक्तिलाई नगरपालिकाले नगरपालिकाबाट उपलब्ध हुने सबै किसिमका सुविधाहरु बन्द गरी संचालन स्थगन गर्न गराउन सक्नेछ।

(३) उपदफा (२) बमोजिम नगरपालिकाबाट उपलब्ध हुने सबै किसिमका सेवा सुविधाहरु बन्द गरेको तीस दिनभित्र पनि उद्योग, व्यवसाय दर्ता वा सूचीकरण वा नवीकरण नगरी संचालन गरेमा नगरपालिकाले देहायको कारबाही गर्न सक्नेछः

(क) त्यस्तो व्यक्तिले स्थापना वा सञ्चालन गरेको उद्योग तथा व्यवसाय बन्द गर्न आदेश दिने,

(ख) उद्योगको स्तर यकिन गरी सोको आधारमा लघु उद्यमस्तरको भए बीस हजार रुपैंयाँ र घरेलु तथा साना उद्योगको स्तर भए पचास हजार रुपैंयाँ जरिवाना गर्ने,

(४) यस ऐन बमोजिम माग गरिएको वा अनिवार्य रुपमा पेश गर्नुपर्ने विवरण तोकिएको अवधिभित्र उपलब्ध नगराएमा नगरपालिकाले प्रत्येक आर्थिक वर्षको लागि देहायका उद्योग, व्यवसायलाई तपसिल बमोजिमको जरिवााना गर्नेछः-

(क) लघु उद्यमलाई पाँच हजार रुपैयाँको दरले,

(ख) घरेलु उद्योगलाई दश हजार रुपैयाँको दरले,

(ग) साना उद्योगलाई बीस हजार रुपैयाँको दरले,

(घ) अन्य सूचीकृत उद्योग, व्यवसायलाई पचास हजारको दरले।

(५) यस ऐन बमोजिम नगरपालिकाले समय-समयमा दिएको निर्देशन तथा उद्योग दर्ता तथा सूचीकरण प्रमाणपत्रमा उल्लिखित शर्तहरुको पालना नगरेमा, देहायको उद्योगलाई देहाय बमोजिमको जरिबाना गर्न सक्नेछः-

(क) लघु उद्यम व्यवसायको हकमा पचास हजार देखि एक लाख रुपैंयाँ सम्म,

(ख) घरेलु तथा साना उद्योग व्यवसायको हकमा तीन लाख देखि चार लाख रुपैंयाँ सम्म,

(ग) अन्य उद्योग व्यवसायको हकमा पाँच लाख देखि सात लाख रुपैंयाँ सम्म।

(६) दफा २७ बमोजिमको छुट, सहुलियत वा सुविधा दुरुपयोग गरेको पाइएमा त्यसरी दिइएको छुट, सहुलियत वा सुविधा बराबरको रकम जरिवाना गरी त्यस उप्रान्त उक्त उद्योगलाई त्यस किसिमको छुट, सहुलियत वा सुविधा बन्द गरिनेछ।

(७) दफा ३७ बमोजिमको व्यवसायिक सामाजिक उत्तरदायित्व वहन गरेको नपाइएमा त्यस्तो उद्योग, व्यवसायको वार्षिक कारोवारको शून्य दशमलव सात पाँच प्रतिशतले हुन आउने रकम जरिवाना गरिने छ।

(८) कार्यविधिले तोकिएको समय भित्र कर नबुझाएमा, कर बुझाउने दातित्व भएको आर्थिक वर्षको लागी सम्बन्धित आर्थिक बर्षको अन्त सम्मको लागी लाग्ने करमा पचास प्रतिशत जरिवाना लिई अशुल उपर गरिनेछ।

(९) एक आर्थिक वर्ष समाप्त भए पछि पनि कर नबुझाएमा कार्यालयले प्रत्येक आर्थिक वर्षको लागी लाग्ने कर रकमको वार्षिक सत प्रतिशतका दरले जरिवाना लगाई कर तथा जरिवाना रकम अशुल उपर गरिनेछ।

(१०) व्यवसाय तथा बजार अनुगमनका क्रममा देहायको अवस्था भेटिन गएमा देहाय बमोजिमको जरिवाना गरिनेछ

| | |
|---|---|
| (क) मुल्यसूचि नराखेमा | पाँच सय रुपैंया |
| (ख) प्रमाण नराखेमा | पाँच सय रुपैंया |
| (ग) म्याद नाघेका सामाग्री बेचबिखन गरेमा | एक हजार रुपैंया |
| (घ) अधिकतम खुद्रा मुल्य भन्दा बढी मुल्यमा सामाग्री बेचबिखन गरेमा | पन्ध्र सय रुपैंया |
| (ङ) प्रदुषित, फोहोर सामाग्री बेच बिखन गरेमा, | सात सय रुपैंया |

(११) उपदफा (१०) बमोजिम जरिवाना गरि सके पश्चात कुनै पनि व्यवसायिले आफ्नो कमजोरी सुधार नगरेको पाइएमा त्यस्ता व्यवसायिहरुलाई सोही कसुरमा दोब्बर जरिवाना गरिनेछ।

(१२) यस दफा बमोजिम सजाय गर्नुभन्दा अघि सजाय गर्ने अधिकार प्राप्त अधिकारीले सम्बन्धित उद्योग वा व्यक्तिलाई आफ्नो सफाई तथा सवुत पेश गर्न पन्ध्र दिनको समय दिनुपर्छ।

३३. **पुनरावेदन सम्बन्धी व्यवस्थाः** (१) दफा ३२ बमोजिमको सजायको आदेश उपर चित्त नबुझेमा सजायको जानकारी पाएको मितिले पैंतीस दिनभित्र त्यस्तो उद्योग वा व्यक्तिले सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ।

## परिच्छेद-७
## विविध

३४. **औद्योगिक क्षेत्र घोषणा गर्न सक्नेः** (१) औद्योगिक क्रियाकलापलाई सघन रुपमा संचालन गर्न नगरपालिकाले नगरपालिकाको राजपत्रमा सूचना प्रकाशन गरी नगरपालिका क्षेत्रभित्रको कुनै स्थान वा क्षेत्रलाई औद्योगिक, व्यापारिक वा पर्यटकीय वा अन्य कुनै क्षेत्र वा औद्योगिक ग्राम रहने गरी तोक्न सक्नेछ।

(२) औद्योगिक विकासको पर्याप्त संभावना भएको नगरपालिकाको कुनै भाग वा स्थानलाई तोकिए बमोजिमको मापदण्डको अधिनमा रही नगरपालिकाले नगरपालिकाको राजपत्रमा सूचना प्रकाशन मार्फत औद्योगिक ग्राम तथा औद्योगिक क्लष्टर घोषणा गरी औद्योगिक विकासको लागि आवश्यक सेवा, सुविधा तथा सहुलियत उपलब्ध गराउन सक्नेछ।

३५. **औद्योगिक जनशक्तिः** (१) उद्योग, व्यवसायलाई आवश्यक पर्ने जनशक्ति नेपाली नागरिकबाटै पूर्ति गर्नु पर्नेछ र त्यसमा पनि संभव भएसम्म स्थानीय नगरबासीलाई प्राथमिकता दिनु पर्नेछ ।

(२) उद्योग, व्यवसायलाई चाहिने कुनै खास सीप तथा दक्षता भएको जनशक्ति नेपाली नागरिकबाट उपलब्ध हुन नसक्ने भएमा त्यस्तो उद्योगले निश्चित अवधिको लागि नगरपालिकाको सिफारिसमा प्रचलित नेपाल कानून बमोजिम नेपाल सरकारको स्वीकृति लिई विदेशी नागरिक नियुक्त गर्न सक्नेछ ।

(३) सुदृढ औद्योगिक सम्बन्धलाई उत्पादकत्व वृद्धिको प्रमुख आधार मानी काम नगर्दाको अवधिको पारिश्रमिक दिनुपर्ने छैन । यस सम्बन्धमा श्रम वा अन्य प्रचलित कानूनले निर्दिष्ट गरे बमोजिम हुनेछ ।

(४) उद्योगमा कार्यरत कामदार वा कर्मचारीले उद्योग, व्यवसायको संचालनमा बाधा अवरोध पुग्ने गरी बन्द हड्ताल जस्ता कुनै पनि काम कारवाही गर्न पाउने छैनन् । तर कामदार तथा कर्मचारीले आफ्ना जायज माग एवं विषयहरु सम्बोधनको लागि शान्तिपूर्ण ढंगले व्यवस्थापन समक्ष राख्न र आपसीसमझदारीमा समाधान गर्न यो उपदफाले बाधा पुर्याएको मानिने छैन।

(५) उपदफा (४) बमोजिम विवाद समाधान हुन नसकेमा विवाद समाधान गर्ने प्रयोजनको लागि प्रचलित कानून बमोजिम गठन भएको ट्रिब्यूनलमा त्यस्ता विवाद पेश गर्न सक्नेछ र ट्रिब्यूनलबाट भएको निर्णय अन्तिम र दुवै पक्षलाई मान्य हुनेछ।

३६. **कोष सम्बन्धी व्यवस्थाः** (१) नगरपालिकाले नगरपालिकाको औद्योगिक विकास, प्रवर्धन तथा संरक्षणको लागि निजी तथा सहकारी क्षेत्र समेतको सहभागितामा आवश्यकता अनुसार देहायका कुनै वा सबै कोष खडा गर्न सक्नेछ।

(क) लघु, घरेलु तथा साना उद्यम विकास कोष,

(ख) जोखिम पूँजी अर्थात भेन्चर क्यापिटल कोष,

(ग) प्रविधि विकास कोष,

(घ) औद्योगिक लगानी संरक्षण तथा प्रवद्र्धन कोष,

(ङ) लक्षित वर्ग उद्यमशीलता विकास कोष।

(२) उपदफा (१) बमोजिमको कोषमा जम्मा नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय सरकार वा अन्य सरकारी निकायबाट प्राप्त रकम, निजी, सहकारी र गैरसरकारी संघसंस्था वा व्यक्तिबाट प्राप्त हुने रकम जम्मा हुनेछ।

(३) उपदफा (१) बमोजिमको कोषको संचालन तथा व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

३७. **व्यवसायिक सामाजिक उत्तरदायित्वः** (१) वार्षिक पन्ध्र करोड भन्दा बढी कारोवार गर्ने घरेलु तथा साना उद्योग, व्यवसायले आफ्नो वार्षिक मुनाफाको कम्तिमा एक प्रतिशत रकम व्यवसायिक सामाजिक उत्तरदायित्व वहन गर्ने प्रयोजनार्थ प्रत्येक आर्थिक वर्षको लागि छुट्याउनु पर्छ। सो बमोजिमको

रकम वार्षिक योजना तथा कार्यक्रम बनाई तोकिए बमोजिमका क्षेत्रमा खर्च गर्नु पर्छ।

(२) उपदफा (१) को प्रयोजनको लागि प्रत्येक उद्योग, व्यवसायले प्रत्येक आर्थिक वर्षमा भएको कारोवारको रकम र सो आर्थिक वर्षको लागि पेश गरिएको व्यवसायिक सामाजिक उत्तरदायित्व वहन अन्तर्गतको योजना तथा कार्यक्रमको प्रगति विवरण आर्थिक वर्ष व्यतित भएको मितिले साठी दिनभित्र नगरपालिकाको विषयगत शाखामा पेश गर्नुपर्छ। सो विवरण साथ चालू आर्थिक वर्षको व्यवसायिक सामाजिक उत्तरदायित्व वहन अन्तर्गतको योजना तथा कार्यक्रमको विवरण समेत संलग्न गर्नु पर्छ।

३८. **गुनासो व्यवस्थापनः** (१) नगरपालिकामा उद्योग, व्यवसायसँग सम्बन्धित गुनासो एवं उजुरीको संकलन गर्ने र त्यसको सम्बोधनको अग्रसरता लिने जिम्मेवारी नगरपालिकाको सम्बन्धित विषयक्षेत्र हेर्ने शाखाको हुनेछ।

३९. **कार्यालयले विवरण माग गर्न र निर्देशन दिन सक्नेः**(१) कुनै पेशा, व्यवसाय वा ब्यापारको सम्बन्धमा केही कुरा बुझ्न आवश्यक ठानेमा कार्यालयले थप विवरण माग गर्न सक्नेछ। यसरी माग गरिएको विवरण उपलब्ध गराउने कर्तब्य सम्बन्धित व्यवसायिको हुनेछ।

)२( उपदफा (१)बमोजिम विवरण उपलब्ध नगराएमा कार्यालयले सम्बन्धित पेशा तथा व्यवसाय स्थलमा गइ आवश्यक जाँचबुझ गर्न सक्नेछ।

)३ (यस कार्यविधि बमोजिम दर्ता भएका पेशा व्यवसाय संचालन गर्दा समाजिक सदाचार कायम राख्नु पर्छ।

)४ (यस सम्बन्धमा कार्यालयले दिने निर्देशनको पालना गर्ने गराउने दायित्व सम्बन्धित व्यवसायिको हुनेछ।

३९. **सूचना प्रविधिको प्रयोग गर्नेः** (१) यस ऐन बमोजिम उद्योग, व्यवसायको दर्ता, सूचीकरण, नवीकरण वा अन्य कुनैपनि प्रयोजनको लागि नगरपालिकालाई तिर्नु बुझाउनुपर्ने शुल्क, दस्तुर वा जरिवाना संकलन सम्बन्धी कार्यलाई व्यवस्थित गर्न नगरपालिकाले उपयुक्त सूचना प्रविधि वा प्रणालीको प्रयोग गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रयोजनको लागि तयार पारिएको प्रणाली महालेखा नियन्त्रक कार्यालयले विकास गरेको वा नगरपालिका आफैले विकास गरी महालेखा नियन्त्रक कार्यालयबाट स्वीकृति प्राप्त गरेको हुनु पर्छ।

(३) यस ऐन प्रारम्भ हुनु अगावै नगरपालिकाले उपदफा (१) बमोजिमको प्रयोजनार्थ कुनै सूचना प्रविधि वा प्रणालीको प्रयोग गर्दै आएको भएमा महालेखा नियन्त्रक कार्यालयको समन्वयमा उक्त प्रणाली स्वीकृत गराउनु पर्छ।

(४) यस दफा बमोजिम विकास गरिएका प्रणालीबाट प्राप्त हुने सूचनाहरु प्रमाणीकरणको लागि विद्युतीय हस्ताक्षरको प्रयोग गर्न सकिनेछ।

(५) यस ऐन बमोजिम हुने कारोवार तथा व्यवस्थापनसँग अन्तर सम्बन्धित अन्य प्रणालीहरुको विकास र अन्तर आवद्धता सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

४०. **परामर्श लिन सक्नेः** (१) यस ऐनको कार्यान्वनयको सिलसिलामा आवश्यक परेमा नगरपालिकाले सम्बन्धित विषयका विज्ञसँग सल्लाह र राय परामर्श लिन सक्नेछ।

४१. **अधिकार प्रत्यायोजन गर्न सक्नेः** (१) नगर कार्यपालिकाले यस ऐन अन्तर्गत तोकिएको जिम्मेवारी तथा अधिकार नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत वा सम्बन्धित महाशाखा, शाखालाई प्रत्यायोजन गर्न सक्नेछ ।

४२. **नियम बनाउन सक्नेः** (१) यस ऐनलाई कार्यान्वयन गर्न नगर कार्यपालिकाकाले आवश्यक नियमावली बनाउन सक्नेछ।

४३. **निर्देशिका, कार्यविधि वा मापदण्ड बनाई लागू गर्न सक्नेः** नगरपालिकाको उद्योग, व्यवसायसँग सम्बन्धित काम कारबाहीलाई सरल बनाउन आवश्यकता अनुसार निर्देशिका, कार्यविधि वा मापदण्ड बनाई लागू गर्न सक्नेछ।

४४. **अनुसूचीमा हेरफेर वा थपघट गर्न सक्नेः** नगर कार्यपालिकाले नगरपालिकाको राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा आवश्यकता अनुसार हेरफेर वा थपघट वा परिमार्जन गर्न सक्नेछ।

४५. **बाधा अड्काउ सम्बन्धी व्यवस्थाः**) १ (यस कार्यविधि कार्यान्वयनको क्रममा कुनै बाधा अड्काउ परेमा सो फुकाउने अधिकार नगरपालिकालाई हुनेछ।

(२) प्रचलित ऐन, नियम र यस कार्यविधिको मूलभूत कुरालाई असर पर्ने गरी उपदफा (१) बमोजिमको बाधा फुकाउने अधिकार प्रयोग गर्न सकिने छैन।

४५. **खारेजी तथा बचाउः** (१) यस ऐनमा लेखिएका कुराहरु यसै ऐन बमोजिम र नलेखिएकोमा प्रचलित कानून बमोजिम हुनेछ ।

(२) यो ऐन बन्नु भन्दा अघि नगरपालिकाबाट उद्योग, व्यवसाय दर्ता, सूचीकरण र नवीकरण सम्बन्धी विषयमा भए गरेका कामहरु यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

(३) नगरपालिकाले व्यवसायसँग सम्बन्धित काम कारबाहीलाई व्यवस्थित गर्न यस अघि जारी गरी कार्यान्वयनमा ल्याएका व्यवसाय दर्ता तथा नविकरण सम्बन्धी कार्यविधि, २०७९ लाई खारेज गरिएको छ।

**अनुसूची-१**
**(दफा ४ को उपदफा (१) सँग सम्बन्धित)**

मितिः २०८०/०९/१६

श्री प्रमुख प्रशासकयि अधिकृतज्यू,
छायाँनाथ रारा नगरपालिका, गमगढी, मुगु।
कर्णाली प्रदेश, नेपाल।

विषयः उद्योग, व्यवसाय दर्ता गरी पाउँ।

मैले/हामीले मुगु जिल्ला छायाँनाथ रारा नगरपालिका वडा नं. .............. स्थित................मा उद्योग, व्यवसाय दर्ता गर्न इच्छुक भएकोले छायाँनाथ रारा नगरपालिकाको उद्योग, व्यवसाय दर्ता तथा संचालन ऐन, २०८० को दफा दफा ४ को उपदफा (१) बमोजिम यो निवेदन दिएको छु, छौं।

१. नाम, थरः ........................................................................................................
२. बाबुको नामः .......................... ३. आमाको नामः ..........................
४. बाजेको नामः .......................... ५. पति/पत्नीको नामः .....................
६. स्थायी ठेगानाः ...................... जिल्ला .......................... गा.पा./न.पा., वडा नं ......
७. नागरिकता नंः ...................... जारी जिल्ला र जारी मितिः
८. हालको ठेगानाः ...................... जिल्ला ......................... गा.पा./न.पा., वडा नं ......
९. फर्म/कम्पनीको नामः
१०. व्यवसायको प्रकृतिः ☐ उद्योग ☐ व्यापार ☐ सेवा
११. व्यवसाय रहने ठेगानाः मुगु जिल्ला, छायाँनाथ रारा नगरपालिका वडा नं ........, फोन नंः ................................, इमेल ठेगानाः ...........................................
१२. उद्योग, व्यवसायको कानूनी रुपः ☐ निजी ☐ साझेदारी ☐ प्रा.लि. ☐ पब्लिक कम्पनी
१३. उद्योग, व्यवसायबाट हुने उत्पादन/सेवाको विवरणः
१४. लगानीः क. स्थिर पूँजी रु. ....................... ख. चालू पूँजी रु. .........................
१५. उद्योग व्यवसाय बहालमा रहने भए घरधनीको नाम, थरः ........................................
ठेगानाः .......................... जिल्ला.......................... गा.पा./न.पा., वडा नं ......
फोन नंः ................................, इमेल ठेगानाः ...........................................
१६. उद्योग, व्यवसाय संचालन मितिः
१७. उद्योग, व्यवसाय रहने स्थानको अवस्थिति (Location Map):

**<u>आवश्यक संलग्न कागजात</u>**

(क) उद्योग, व्यवसाय रहने वडा कार्यालयको सिफारिस लघु उद्यम व्यवसायको हकमा पचास हजार देखि

एक लाख रुपैंयाँ सम्म,

(ख) उद्यमी, व्यवसायीको नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी,

(ग) सक्कल नेपाली नागरिकताको प्रमाणपत्र सहित व्यक्ति स्वयं उपस्थित भएपछि मात्र प्रतिलिपी रुजु हुने,

(घ) उद्यमी, व्यवसायीको हालसालै खिचेको पासपोर्ट साइजको फोटो दुई प्रति,

(ङ) कुनै संस्था वा निकायबाट अनुमति/स्वीकृति लिनुपर्ने भए सो लिएको सक्कल सहित प्रमाणित प्रतिलिपी,

(च) फर्म दर्ता वा संचालन सम्बन्धी प्रस्तावनापत्र, विनियम, प्रबन्धपत्र वा नियमावली आवश्यक पर्ने भए सो को प्रमाणित प्रतिलिपी,

(छ) उद्योग, व्यवसायको वातावरणीय प्रभाव मूल्यांकन वा प्रारम्भिक वातावरण परीक्षण गर्नुपर्ने भएसो सम्बन्धी प्रतिवेदन,

(ज) प्रस्तावित व्यवसायिक योजना,

(झ) उद्योग, व्यवसाय भाडाको घर वा जग्गामा रहने भए सो को सम्झौतापत्र।

निवेदकको नाम, थरः ..................................

औंठाको छाप दस्तखतः

मितिः

मोवाइल नंः

## अनुसूची-२
## (दफा ४ को उपदफा (२) सँग सम्बन्धित)

मितिः

फर्म वा व्यवसाय दर्ताको प्रस्तावना पत्र ढाँचा

१. फर्मको नामः

२. फर्मको रजिष्टर्ड ठेगानाः

३. फर्मको उद्देश्यः

४. फर्मले गर्ने व्यवसाय वा कारोवारको प्रकृतिः

५. फर्मले गर्ने प्रमुख कार्य वा कारोवारः

६. फर्मका शेयरधनी वा लगानीकर्ताको विवरण र लगानीको अनुपात

| क्र.सं. | फर्म संचालकको नाम थर | स्थायी ठेगाना | नागरिकता नं. र जारी जिल्ला | बाबुको नाम | बाजेको नाम | पति/पत्नीको नाम | लगानी अनुपात % | फर्म संचालकको दस्तखत र औंठा छाप |
|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | |
| २ | | | | | | | | |

७. फर्मको क. स्थीर पूँजी रु. ख. चालू पूँजी रु.

८. फर्मको नाफा नोक्सान बाँडफाँडः ९. फर्मको बैंक खाता संचालनः

१०. फर्मको साधारण सभा सम्बन्धी व्यवस्थाः

११. संचालक समितिः

१२. फर्मको छापः

१३. अन्य व्यवस्थाः

इति संवत ............. साल .............. महिना ........... गते रोज .......... शुभम् ।

अगाडिको पाना

अनुसूची-३
(दफा ४ को उपदफा (५) सँग सम्बन्धित)

**छायाँनाथ रारा नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
गमगढी, मुगु
कर्णाली प्रदेश, नेपाल।

दर्ता प्रमाण पत्र नं.
दर्ता मितिः

**व्यवसाय दर्ता प्रमाणपत्र ।**

निम्न विवरण भएको व्यवसाय यस छायाँनाथ रारा नगरपालिकाको उद्योग, व्यवसाय दर्ता तथा संचालन ऐन, २०८० को दफा दफा ४ को उपदफा (५) बमोजिम दर्ता गरी यो व्यवसाय दर्ता प्रमाणपत्र जारी गरिएको छ ।

विवरण

१. व्यवसायीको नाम, थरः
२. स्थायी ठेगानाः ............. जिल्ला .................. गा.पा./न.पा., वडा नं ......
३. हालको ठेगानाः ............. जिल्ला ................. गा.पा./न.पा., वडा नं ...... फोन नं ः ........................, इमेल ठेगानाः .......................................
४. फर्मको नामः
५. व्यवसायको प्रकृतिः ☐ उद्योग ☐ व्यापार ☐ सेवा
६. व्यवसाय रहने ठेगानाः मुगु जिल्ला, छायाँनाथ रारा नगरपालिका वडा नं ....., फोन नंः .........................., इमेल ठेगानाः .....................................
७. व्यवसायको कानूनी रुपः ☐ निजी ☐ साझेदारी ☐ प्रा.लि. ☐ पब्लिक कम्पनी
८. व्यवसायबाट हुने उत्पादन/सेवाको विवरणः
९. लगानीः क. स्थिर पूँजी रु. ................... ख. चालू पूँजी रु. ....................

| | |
|---|---|
| ............................ | .................................. |
| फाँटवालाको दस्तखत | महाशाखा प्रमुखको दस्तखत |

पछाडिको पाना

## नवीकरणको विवरण

उद्योग/व्यवसायको नामः

| नवीकरण मिति | नवीकरण गरिएको अवधि (आ.व.) | बुझाएको दस्तुर रु. | भौचर नं. र मिति | अख्तियार प्राप्त अधिकारीको दस्तखत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

अगाडिको पाना

**अनुसूची—४**

**(दफा ४ को उपदफा (५) सँग सम्बन्धित)**

**छायाँनाथ रारा नगरपालिका**

नगर कार्यपालिकाको कार्यालय

गमगढी, मुगु

कर्णाली प्रदेश, नेपाल।

दर्ता प्रमाण पत्र नं.

दर्ता मितिः

फोटो

**उद्योग दर्ता प्रमाणपत्र।**

निम्न विवरण भएको उद्योग यस छायाँनाथ रारा नगरपालिकाको उद्योग, व्यवसाय दर्ता तथा संचालन ऐन, २०८० को दफा दफा ४ को उपदफा (५) बमोजिम दर्ता गरी यो उद्योग दर्ता प्रमाणपत्र जारी गरिएको छ।

विवरण

१. उद्योगीको नाम, थरः

२. स्थायी ठेगानाः ................ जिल्ला ................... गा.पा./न.पा., वडा नं .........

३. हालको ठेगानाः ................. जिल्ला .................. गा.पा./न.पा., वडा नं ........

फोन नंः ............................., इमेल ठेगानाः ..........................................

४. फर्म/कम्पनीको नामः

५. उद्योगको प्रकृतिः ........................

६. उद्योग रहने ठेगानाः मुगु जिल्ला, छायाँनाथ रारा नगरपालिका वडा नं ....., फोन नंः ................................, इमेल ठेगानाः .......................................

७. उद्योगको कानूनी रुपः ☐ निजी ☐ साझेदारी ☐ प्रा.लि. ☐ पब्लिक कम्पनी

८. उद्योगबाट हुने उत्पादन/सेवाको विवरणः

९. लगानीः क. स्थिर पूँजी रु......................... ख. चालू पूँजी रु ...........................

१०. उद्योगको वार्षिक उत्पादन क्षमताः ...........................

११. विद्युत खपत (किलोवाट)ः ...........................

........................... ....................................

फाँटवालाको दस्तखत महाशाखा प्रमुखको दस्तखत

पछाडिको पाना

## नवीकरणको विवरण

उद्योग/व्यवसायको नामः

| **नवीकरण मिति** | **नवीकरण गरिएको अवधि (आ.व.)** | **बुझाएको दस्तुर रु.** | **भौचर नं. र मिति** | **अख्तियार प्राप्त अधिकारीको दस्तखत** |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

अनुसूची-५

(दफा १२ को उपदफा (२) सँग सम्बन्धित)

मितिः

श्री प्रमुख प्रशासकयि अधिकृत ज्यू,
छायाँनाथ रारा नगरपालिका, गमगढी, मुगु,
कर्णाली प्रदेश, नेपाल।

विषयः उद्योग/व्यवसाय सूचीकरण गरी पाउँ।

मैले/हामीले मुगु जिल्ला छायाँनाथ रारा नगरपालिका वडा नं ........ स्थित ......... मा संचालनमा रहेको देहाय बमोजिमको उद्योग, व्यवसाय छायाँनाथ रारा नगरपालिकाको उद्योग, व्यवसाय दर्ता तथा संचालन ऐन, २०८० को दफा दफा १२ को उपदफा (२) बमोजिम सूचीकरण गर्नको लागि यो निवेदन दिएको छु/छौं।

१. उद्योगी, व्यवसायीको नाम, थरः

२. बाबुको नामः .........................  ३. आमाको नामः .........................

४. बाजेको नामः .........................  ५. पति/पत्नीको नामः .....................

६. स्थायी ठेगानाः .............  जिल्ला .................  गा.पा./न.पा., वडा नं ......

७. नागरिकता नंः  जारी जिल्ला र जारी मितिः ..........................................

८. हालको ठेगानाः ............  जिल्ला .................  गा.पा./न.पा., वडा नं ......

९. फर्म/कम्पनीको नामः

१०. व्यवसायको प्रकृतिः ☐ उद्योग ☐ व्यापार ☐ सेवा

११. फर्म/कम्पनीको दर्ता गर्दाको ठेगानाः .................. जिल्ला ..................... गा.पा./न.पा., वडा नं ............

१२. फर्म/कम्पनीको दर्ता गर्ने निकायः

१३. हाल व्यवसाय रहेको ठेगानाः मुगु जिल्ला, छायाँनाथ रारा नगरपालिका वडा नं............

फोन नंः.............,  इमेल ठेगानाः ...........................

१४. उद्योग, व्यवसायको कानूनी रुपः ☐ निजी ☐ साझेदारी ☐ प्रा.लि. ☐ पब्लिक कम्पनी

१५. उद्योग, व्यवसायबाट हुने उत्पादन/सेवाको विवरणः

१६. लगानीः  क. स्थिर पूँजी रु. ................  ख. चालू पूँजी रु. ....................

१७. उद्योग व्यवसाय बहालमा रहने भए घरधनीको नाम, थरः ......................... ठेगानाः ......................... जिल्ला............. गा.पा./न.पा., वडा नं ...... फोन नंः..............., इमेल ठेगानाः ...............................

१८. उद्योग, व्यवसाय दर्ता मितिः

१९. उद्योग, व्यवसाय रहने स्थानको अवस्थिति (Location Map):

**संलग्न कागजात**

(क) उद्योग, व्यवसाय रहने वडा कार्यालयको सिफारिस प्रस्तावित व्यवसायिक योजना, प्रविधि विकास कोष,

(ख) उद्यमी, व्यवसायीको नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी,

(ग) उद्यमी, व्यवसायीको हालसालै खिचेको पासपोर्ट साइजको फोटो दुई प्रति,

(घ) कुनै संस्था वा निकायबाट अनुमति÷स्वीकृति लिनुपर्ने भए सो को प्रमाणित प्रतिलिपी,

(ङ) फर्म दर्ता वा संचालन सम्बन्धी विनियम, प्रबन्धपत्र वा नियमावली आवश्यक पर्ने भए सो को प्रमाणित प्रतिलिपी,

(च) उद्योग, व्यवसाय दर्ता गर्ने निकायबाट जारी गरिएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी,

(छ) उद्योग, व्यवसायको वातावरणीय प्रभाव मूल्यांकन वा प्रारम्भिक वातावरण परीक्षण गर्नुपर्ने भए सो सम्बन्धी प्रतिवेदन,

(ज) उद्योग, व्यवसाय भाडाको घर वा जग्गामा रहने भए सो को सम्झौतापत्र ।

निवेदकको नाम, थरः ........................

दस्तखतः

मितिः

मोवाइल नंः

औंठाको छाप

| | |
|---|---|
| | |

अगाडिको पाना

अनुसूची-६

(दफा १२ को उपदफा (३) सँग सम्बन्धित)

**छायाँनाथ रारा नगरपालिका**

नगर कार्यपालिकाको कार्यालय

गमगढी, मुगु

कर्णाली प्रदेश, नेपाल।

फोटो

सूचीकरण प्रमाण पत्र नं. ....................

सूचीकरण मितिः....................

**उद्योग/व्यवसाय सूचीकरण प्रमाणपत्र।**

निम्न विवरण भएको उद्योग, व्यवसाय यस छायाँनाथ रारा नगरपालिकाको उद्योग, व्यवसाय दर्ता तथा संचालन ऐन, २०८० को दफा दफा १२ को उपदफा (३) बमोजिम यो उद्योग, व्यवसाय सूचीकरण प्रमाणपत्र जारी गरिएको छ।

विवरण

१. उद्योगी, व्यवसायीको नाम, थरः

२. स्थायी ठेगानाः ............... जिल्ला.................. गा.पा./न.पा., वडा नं ......

३. हालको ठेगानाः ............ जिल्ला ................ गा.पा./न.पा., वडा नं ...... फोन नंः .................., इमेल ठेगानाः .........................................

४. फर्म/कम्पनीको नामः

५. व्यवसायको प्रकृतिः उद्योग व्यापार सेवा

६. फर्म/कम्पनीको दर्ता गर्दाको ठेगानाः ................ जिल्ला ......... गा.पा./न.पा., वडा नं .......

७. फर्म/कम्पनीको दर्ता गर्ने निकायः

८. हाल व्यवसाय रहेको ठेगानाः मुगु जिल्ला, छायाँनाथ रारा नगरपालिका वडा नं ...., फोन नंः............, इमेल ठेगानाः ...........................

९. उद्योग, व्यवसायको कानूनी रुपः ☐ निजी ☐ साझेदारी ☐ प्रा.लि. ☐ पब्लिक कम्पनी

१०. उद्योग, व्यवसायबाट हुने उत्पादन/सेवाको विवरणः

११. लगानीः क. स्थिर पूँजी रु........................ ख. चालू पूँजी रु ..........................

१२. उद्योग, व्यवसाय दर्ता मितिः

१३. उद्योगको वार्षिक उत्पादन क्षमताः ...........................

१४. विद्युत खपत (किलोवाट)...........................

.......................... ............................

फाँटवालाको दस्तखत महाशाखा प्रमुखको दस्तखत

पछाडिको पाना

## नवीकरणको विवरण

उद्योग/व्यवसायको नामः

| नवीकरण मिति | नवीकरण गरिएको अवधि (आ.व.) | बुझाएको दस्तुर रु. | भौचर नं. र मिति | अख्तियार प्राप्त अधिकारीको दस्तखत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

अनुसूची-७

(दफा ८ को उपदफा (१) सँग सम्बन्धित)

मितिः

श्री प्रमुख प्रशासकयि अधिकृतज्यू,
छायाँनाथ रारा नगरपालिका, गमगढी, मुगु,
कार्णाली प्रदेश, नेपाल।

विषयः उद्योग/व्यवसाय नवीकरण गरी पाउँ।

मैले/हामीले मुगु जिल्ला छायाँनाथ रारा नगरपालिका वडा नं ........ स्थित .......... मा मिति ........................... देखि संचालन गरेको देहाय बमोजिमको उद्योग, व्यवसाय यस छायाँनाथ रारा नगरपालिकाको उद्योग, व्यवसाय दर्ता तथा संचालन ऐन, २०८० को दफा दफा ८ को उपदफा (१) सँग बमोजिम नवीकरण गर्नको लागि यो निवेदन दिएको छु/छौं।

१. फर्म/कम्पनीको नामः
२. व्यवसायको प्रकृतिः उद्योग व्यापार सेवा
३. व्यवसाय रहेको ठेगानाः मुगु जिल्ला, छायाँनाथ रारा नगरपालिका वडा नं .....,फोन नंः............,
इमेल ठेगानाः..................................
४. उद्योग, व्यवसायको कानूनी रुपः ☐ निजी ☐ साझेदारी ☐ प्रा.लि. ☐ पब्लिक कम्पनी
५. उद्योग, व्यवसायबाट हुने उत्पादन/सेवाको विवरणः
६. लगानीः क. स्थिर पूँजी रु........................ ख. चालू पूँजी रु ..........................
७. उद्योग व्यवसाय बहालमा रहने भए घरधनीको नाम, थरः ................................ ठेगानाः...........
जिल्ला ........... गा.पा./न.पा., वडा नं ...... फोन नंः ................,
इमेल ठेगानाः .........................................
८. उद्योग, व्यवसाय नगरपालिकामा दर्ता/सूचीकरण भएको मितिः ................... दर्ता/सूचीकरण नंः ............................
९. नवीकरण वर्षः आ.व. ...........................
१०. उद्योग, व्यवसाय रहेको स्थानको अवस्थिति (Location Map)

निवेदकको नाम, थरः ..................................
दस्तखतः
मितिः
मोवाइल नंः

अनुसूची-८

(दफा ४ को उपदफा (९) र दफा १२ को उपदफा (७) सँग सम्बन्धित)

**उद्योग, व्यवसाय दर्ता/सूचीकरण किताब**

| क्र.सं. | उद्योग, व्यवसायको नाम | ठेगाना | व्यवसायको प्रकृति | व्यवसायीको नाम, थर | फोन नं. | पूँजी रु. | एकलौटी/ साझेदारी | दर्ता / सूचीकरण मिति | फोटो | व्यवसायीको दस्तखत | प्रमाणित गर्नेको दस्तखत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

अनुसूची-९

(दफा २२ को उपदफा (१) सँग सम्बन्धित)

## दर्ता वा सूचीकरण हुने उद्योग, व्यवसायको सूची

| क्र.सं. | विवरण |
|---|---|
| १ | चुरोट, मदिरा बिक्री |
| २ | पान पसल |
| ३ | हल्का पेय पदार्थ/कोल्ड ड्रिक्स बिक्री |
| ४ | सुन, चाँदी कारोवार |
| ५ | सवारी साधन बिक्रेता |
| ६ | हार्डवेयर सालसामान बिक्री |
| ७ | पेटोलियम पदार्थ (ग्याँस, डिजेल, पेट्रोल वा मट्टितेल)को बिक्रेता |
| ८ | डिलरसीप वा अधिकृत बिक्रेता |
| ९ | छड, सिमेन्ट बिक्री |
| १० | विद्युत वाईरिङ÷इलेक्ट्रिकल |
| ११ | प्लम्विङ्ग तथा स्यानिटरी |
| १२ | रङ तथा रङरोगनको सामान बिक्री |
| १३ | कार्पेट, पर्दा तथा अन्य फर्निसिङ पसल |
| १४ | फर्निचर शो रुम (काठ तथा स्टील) |
| १५ | बिजुलीको सामानको बिक्रेता |
| १६ | फाईवर फिक्चर |
| १७ | सोलार सामग्रीको बिक्रेता |
| १८ | सिसा, प्लाईउड बिक्रेता |
| १९ | कन्क्रिट व्लक तथा रिङ, इटा उत्पादन÷बिक्री |
| २० | ग्रील, आल्मुनियम, मेटल वर्कस |
| २१ | धर्मकाँटा |
| २२ | फ्लेक्सबोर्ड लगायत अन्य वोर्ड निर्माण ब्यबसाय |
| २३ | क/ख/ग/घ वर्गको निर्माण व्यवसाय |
| २४ | सामान ढुवानीकर्ता÷सप्लायर्स |
| २५ | मेशिनरी औजार, स्पेयर पार्टस् |
| २६ | भिडियो क्यासेट रेकर्डर तथा प्लेयर उत्पादक÷वितरक |
| २७ | कम्प्यूटर ल्यापटप, मोवाईल, रेडियो, टेलिभिजन, घडी, कुकर आदि विद्युत्तीय सामाग्री मर्मत |
| २८ | भिडियो, क्यासेट, रेकर्डर तथा प्लेयर, टेलिभिजन, फ्रिज, वाशिङमेशिन, कम्प्यूटर, ल्यापटप, मोबाइल, क्यामेरा, टेलिभिजन, रेडियो आदिको थोक तथा खुद्रा बिक्री |
| २९ | सिनेमा हल |

| क्र.सं. | विवरण |
|---|---|
| ३० | दैनिक उपभोग्य खाद्यान्न (थोक÷किराना) व्यवसाय |
| ३१ | तरकारी तथा फलफूल बिक्री |
| ३२ | फलफूल तथा जुस बिक्री |
| ३३ | चिया, कफी तथा बेकरी बिक्री |
| ३४ | बेकरी उद्योग |
| ३५ | रेष्टुरेन्ट/भोजनालय (खाना, खाजा, नास्ता), फास्टफुड |
| ३६ | दूध डेरी |
| ३७ | मिठाई उत्पादन तथा बिक्री |
| ३८ | आईसक्रिम पार्लर |
| ३९ | भाँडावर्तन बिक्री |
| ४० | प्लाष्टिक सामान उत्पादन÷बिक्री |
| ४१ | धार्मिक पूजा सामग्री बिक्री |
| ४२ | विशेषज्ञ परामर्श तथा अन्य व्यवसायिक सेवा |
| ४३ | क्लिनिक (ल्याव सहित) स्वास्थ्य परामर्श सेवा |
| ४४ | औषधि पसल/होमियोप्यााथी |
| ४५ | ल्याव/प्याथोलोजी |
| ४६ | पोलिक्लिनिक |
| ४७ | आयुर्वेद/प्राकृतिक चिकित्सा |
| ४८ | चश्मा (अप्टिकल) पसल |
| ४९ | ल फर्म, नोटरी पब्लिक, ट्रान्सलेसन सेवा |
| ५० | लेखापढी सेन्टर |
| ५१ | ईन्जिनियरिङ तथा कन्स्लटेन्सी सेवा |
| ५२ | विविध कन्सल्टेन्सी सेवा |
| ५३ | लेखापरीक्षण सेवा |
| ५४ | गलैंचा उत्पादन तथा बिक्री |
| ५५ | गार्मेट र तयारी पोशाक उत्पादन तथा बिक्री |
| ५६ | कपडा पसल, |
| ५७ | रेडिमेड कपडा, फेन्सी र जुत्ता चप्पल बिक्री |
| ५८ | टाइबेल्ट, स्कुल ड्रेस बिक्री |
| ५९ | गिफ्ट तथा खेलौना बिक्री |
| ६० | कस्मेटिक सामान बिक्रेता |
| ६१ | ब्युटी पार्लर/सैलुन, श्रृङ्गार सामान बिक्री |
| ६२ | ड्राइ क्लिनर्स |
| ६३ | टेलरिङ/सिलाई-कटाई वा बुनाई |

| क.सं. | विवरण |
|---|---|
| ६४ | वस्तु संकलन तथा प्रशोधन, भण्डारण/चिस्यान केन्द्र |
| ६५ | प्राकृतिक स्रोत र साधन उपयोग गर्ने उद्योग (क्रसर, अन्य उर्जामूलक उद्योग, खनिज उद्योग, सेरामिक्स, ढलौट) सामग्री उत्पादन |
| ६६ | कृषिसँग सम्बन्धित व्यवसाय (फलफूल विरुवा बिक्री, नर्सरी संचालन, तरकारी खेती, माहुरी र माछा पालन) |
| ६७ | पोल्ट्री/दाना डिपो/एग्रोभेट |
| ६८ | कृषि चून/रासायनिक मल/बिषादी बिक्री |
| ६९ | पशु बधशाला |
| ७० | मासु बिक्रेता, कोल्डस्टोर/फ्रेस हाउस |
| ७१ | मिल (तेल, चामल, चिउरा, मसला जस्ता कुटानी पिसानी गर्ने) |
| ७२ | पशुपालन फार्मः (गाईभैसी, बाख्रा, भेंडा, कुखुरा, बंगुर, कु ुकुर, पशुपंक्षी) |
| ७३ | दाना तथा पशु आहार उत्पादन÷बिक्री |
| ७४ | वन पैदावारमा आधारित उद्योग व्यवसाय |
| ७५ | काठ चिरान सःमिल |
| ७६ | प्लाइउड उद्योग |
| ७७ | बेत, बाँस उद्योग |
| ७८ | काठका सामान निर्माण वा फर्निचर उत्पादन |
| ७९ | काठमा कलात्मक बुट्टा कुद्रे |
| ८० | परम्परागत बाजागाजा र हस्तकला |
| ८१ | पत्थरकला |
| ८२ | पौभा, थांका चित्र र अन्य परम्परागत चित्रकला |
| ८३ | उन तथा रेशममा आधारित हाते बुनाईका मालसामान उत्पादन तथा बिक्री |
| ८४ | मुर्तिकला |
| ८५ | तामा, पित्तल, ढलौट, काँस, सिल्भर जस्ता धातुबाट निर्मित भाँडावर्तन तथा हस्तकलाका सामान |
| ८६ | फलामबाट निर्मित भाँडावर्तन तथा घरायसी प्रयोगका वस्तु एवं औजार |
| ८७ | जुट, चोया, बाबियो, सुती धागो, अल्लो आदि रेशामा आधारित उद्योग |
| ८८ | माटोबाट बन्ने सामान उत्पादन÷बिक्री |
| ८९ | स्नुकर÷पूल हाउस |
| ९० | जिम हाउस |
| ९१ | नाइट क्लब |
| ९२ | फुटसल |
| ९३ | होमस्टे/मोटेल/होटल/लज/रेष्टुरेन्ट/रिसोर्ट |
| ९४ | गल्फकोर्स, पोलो, घोडचढी |
| ९५ | ट्राभल एजेन्सी |

| क्र.सं. | विवरण |
|---|---|
| ९६ | ट्रेकिङ एजेन्सी |
| ९७ | जीपलाईन/राफ्टिङ्ग/वेलुन उडान/क्यानोइङ |
| ९८ | फनपार्क/पार्क/उद्यान/स्वीमिङ पुल |
| ९९ | क्यासिनो |
| १०० | सिनेमा हल |
| १०१ | टिकट बुकिङ |
| १०२ | सङग्रहालय |
| १०३ | दोहोरी साँझ/गजल/डान्सबार |
| १०४ | पत्रपत्रिका, स्टेशनरी तथा फोटोकपी |
| १०५ | पुस्तक बिक्रेता |
| १०६ | प्रकाशन गृह÷छापाखाना |
| १०७ | पत्रपत्रिका छपाई तथा प्रकाशन |
| १०८ | अफसेट प्रेस |
| १०९ | कलर ल्याब÷फोटो स्टुडियो |
| ११० | फोटोग्राफी/भिडियोग्राफी |
| १११ | संचार सेवा (रेडियो÷एफ एम÷टेलिभिजन) |
| ११२ | कुरियर तथा कार्गो सेवा |
| ११३ | केबल टेलिभिजन |
| ११४ | इन्टरनेट सेवा |
| ११५ | केवल/नेटवर्किङ |
| ११६ | कम्प्यूटर सफ्टवेयर निर्माण |
| ११७ | विज्ञापन एजेन्सी |
| ११८ | शैक्षणिक तथा प्राज्ञिक गतिविधि |
| ११९ | तालिम वा प्रशिक्षण केन्द्र/इन्स्टिच्युट/एकेडेमी/टयुसन सेन्टर |
| १२० | ड्राइभिङ सेन्टर |
| १२१ | परिवहन सेवा |
| १२२ | हवाइसेवा |
| १२३ | गैरनाफामूलक सेवा÷व्यवसाय |
| १२४ | आर्टस्/नम्बरप्लेट लेखन |
| १२५ | आर्ट ग्यालरी |
| १२६ | बैंक तथा वित्तीय सेवा |
| १२७ | सहकारी |
| १२८ | बिमा कम्पनी/व्यवसाय |
| १२९ | बिमा अभिकर्ता |

| क्र.सं. | विवरण |
|---|---|
| १३० | सेयर कारोवार |
| १३१ | क्याटरिङ तथा टेन्ट हाउस |
| १३२ | पार्टी प्यालेस |
| १३३ | रियलस्टेट/हाउजिङ |
| १३४ | हाइड्रो पावर |
| १३५ | सौर्य तथा अन्य वैकल्पिक उर्जा |
| १३६ | फोहरमैला संकलन तथा व्यवस्थापन |
| १३७ | कवाडी मालवस्तु सङकलन तथा बिक्री |
| १३८ | वर्कसप/सर्भिसिङ सेन्टर/ग्यारेज |
| १३९ | खनिज उद्योग |
| १४० | पानी प्रशोधन तथा सप्लाई |
| १४१ | भन्सार क्लियरिङ |
| १४२ | मालवस्तु आयात निर्यात |
| १४३ | अन्य विविध व्यवसाय |

**आज्ञाले,**

पशुपती शाही

प्रमुख प्रशासकीय अधिकृत